# आमचोक राजपत्र

**आमचोक सरकारद्वारा प्रकाशित**

**खण्ड ४  संख्या ३, मिति ३० असाढ २०७७**

**भाग १**

## आमचोक गाउँपालिका

## आमचोक गाउँपालिकाको न्यायिक समिति (कार्यविधि सम्वन्धि) (प्रथम संशोधन) विधेयक २०७७

**सभावाट पारित मितिः २०७७।०३।२६**

प्रस्तावनाः

आमचोक गाउँपालिकाको न्यायिक समिति (कार्यविधि सम्वन्धि) ऐन २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

१. संक्षिप्त नाम र प्रारम्भः १) यस ऐनको नाम "आमचोक गाउँपालिकाको न्यायिक समिति (कार्यविधि सम्वन्धि) (प्रथम संशोधन) ऐन २०७७" रहेको छ।

२) यो ऐन आमचोक राजपत्रमा प्रकाशन भएको मितिवाट लागुहुनेछ।

२. ऐनको दफा १४ को उपदफा (२) मा संशोधनः प्रचलित कानूनमा प्रतिवाद दर्ता दस्तुर नलाग्ने भनेकोमा वाहेक एक सय रुपैया प्रतिवाद दर्ता दस्तुर लाग्नेछ भन्ने व्यवस्थामा " स्थानिय सरकार संचालन ऐन २०७५" को दफा ४७ को उपदफा (१) को (घ), (च), (छ) र (ज) र सोही ऐनको दफा ४७ को उपदफा (२) को (ग) र (घ) को विवादमा न्यायिक समितिले प्रतिवाद दर्ता शुल्क वरावर रु पाँच सय रुपैया लिनेछ भन्ने व्यवस्था राखिएको ।

३. ऐनको दफा २० को उपदफा (१) मा संशोधनः उजुरी प्रशासकले दफा (९) वमोजिम विवाद दर्ता भएपछी वढीमा दुई दिन भित्र प्रतिवादीका नाममा प्रचलित कानूनमा म्याद तोकिएको भए सोही वमोजिम को सट्टामा "विवाद दर्ता भएपछी वढीमा सात दिन भित्र" राखि प्रतिवादीका नाममा प्रचलित कानूनमा म्याद तोकिएको भए सोही वमोजिम र नतोकिएको भए पन्ध्र दिनको म्याद दिई सम्वन्धित वडा कार्यालय मार्फत उक्त म्याद वा सूचना तामेल गर्न सक्नेछ भन्ने व्यवस्था राखिएको ।

४. ऐनको दफा ३३ को उपदफा (२) मा संशोधनः उपदफा (१) वमोजिमको सुचिमा विवादहरु उल्लेख गर्दा विवाद दर्ताको आधारमा देहायको क्रममा तयार गरी प्रकाशन गराउनेपर्नेछ भनि विवादको सुनुवाइ र कारवाही तथा किनाराको लागि प्राथमिकरणको व्यवस्थामा देहायको (घ) (ङ) र (च) थप गरि परिवर्तन गरिएको ।

क नावालक पक्ष भएको विवाद

ख शारीरीक अपांगता वा असक्तता भएको व्यक्ति पक्ष भएको विवाद

ग ७० वर्ष उमेर पुरा भएको वृद्ध वा वृद्धा पक्ष भएको विवाद ।

घ सुत्केरी महिला

ङ गर्भावती महिला

च महिला पक्ष भएको विवाद तथा

छ विवाद दर्ताको क्रमानुसार पहिले दर्ता भएको विवाद । .............

कुल पाना संख्याः १          अशोक राई

(कुल दफा १ देखि ४)          सभाध्यक्ष

प्रमाणिकरण मितिः२०७७/०३/२८

आज्ञाले,

याम वहादुर उपरकोटी

प्रमुख प्रशासकीय अधिकृत